Nepali / नेपाली

AEC Australian Electoral Commission

# रोक्किनुहोस् र विचार गर्नुहोस्

संघीय निर्वाचनको बेलामा मतदान प्रक्रियाको बारेमा धेरै प्रकारका कुराहरू भनिएको र लेखिएको हुन्छ। **यसमध्ये केही असत्य वा भ्रामक हुन सक्छन्।**

रोक्किनुहोस् र यस प्रक्रियाको  बारे तपाईंले देख्ने, सुन्ने वा पढ्ने सामग्री र त्यसको स्रोतको बारेमा विचार गर्नुहोस्।

ए.आई. (Artificial Intelligence; AI) द्वारा रचना गरिएका शब्दावली, तस्विर, भिडियो र अडियोहरूको प्रयोग गरेर तपाईंलाई कहाँ मतदान गर्ने, मतपत्रहरू कसरी भर्ने वा यस प्रक्रियाको विश्वसनीयताका बारेमा भ्रम सिर्जना गर्न वा त्यसको प्रयासका लागि प्रयोग गर्न सकिन्छ। **यसबाट जो सुकै प्रभावित हुन सक्छन्।**

स्वस्थ संशय अपनाउनुहोस्। यसको जाँच गर्नुहोस् वा उपेक्षा गर्नुहोस्, तर साझा (share) वा पुन:पोस्ट (repost) नगर्नुहोस्। तपाईंले यसलाई देखेको ठाउँमा रिपोर्ट गर्न पनि सक्नुहुन्छ। साथीहरू र परिवारजनलाई पनि त्यसो गर्न सहयोग गर्नुहोस्।

अष्ट्रेलियाको निर्वाचन प्रणाली विश्वकै सबैभन्दा भरपर्दो निर्वाचन प्रणालीहरूमध्ये एक हो। यो मतदाताहरूको हो र यसको संरक्षण गर्नु हामी सबैको दायित्व हो।

## हामीसँग भएको कुरालाई जोखिममा नपारौं।

### विषयवस्तुको जाँच गर्नुहोस्।

**निम्न कुराहरूको लागि हेर्नुहोस्:**

- स्तब्ध, रिस वा उत्तेजना जस्ता प्रबल भावनाहरू उत्पन्न गर्ने शब्दहरू
- सम्पूर्ण विकल्पहरू दिनुको साटो थोरै संख्यामा मात्र प्रस्तुत विकल्पहरू
- जिम्मेवार धेरै व्यक्ति/समुहहरूमध्ये कुनै एक विशेष समूह वा व्यक्तिमाथि दोषारोपण
- तर्कमा ध्यान केन्द्रित गर्नुको साटो एक व्यक्तिमाथि आक्रमण।

### स्रोतको जाँच गर्नुहोस्।

**आफूलाई निम्न कुराहरू सोध्नुहोस्:**

- सूचना कहाँबाट आएको हो?
  के यो भरपर्दो ठाउँबाट आएको हो?
- के यो अष्ट्रेलियाबाट आएको हो वा विदेशबाट?
- के यो AI हुन सक्छ? AI प्रविधिले गलत शब्दावली, तस्विर, भिडियो र अडियोहरूको सिर्जना गर्न सजिलो बनाउँछ।
- यो किन प्रकाशित गरियो?
  के कसैले तपाईंलाई असत्य कुरामा विश्वास गराउन खोजिरहेको हुन सक्ने कुनै कारण छ?

### हाम्रो वेबसाइटमा जाँच गर्नुहोस्।

**सत्य जानकारी प्राप्त गर्नुहोस्::**

- मतदान कहिले गर्ने
- मतगणना कसरी गरिन्छ
- परिणाम कसरी तय हुन्छ
- AEC ले कसरी मत सुरक्षित राख्छ।

**सुझावहरू प्राप्त गर्नुहोस्।**

aec.gov.au 13 23 26

सिधै हामीबाट जानकारी प्राप्त गर्न हामीलाई फलो गर्नुहोस्।

निर्वाचन आयुक्त, क्यानबेराद्वारा प्राधिकृत।
Authorised by the Electoral Commissioner, Canberra

25-2108